नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय

# पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय

## दैलेख

**सूचनाको हकसम्बन्धी ऐन् २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली२०६५ को नियम ३ सँग सम्बन्धित**




# आ.व. २०८२ चैत्र मसान्तसम्मको स्वतः प्रकाशन

"व्यवसायिक र शृजनशिल प्रशासन, विकास समृद्धि र सुशासन"

## पृष्ठभूमीः

महाभारत श्रृङ्खला भन्दा माथि मध्य पहाडका २६ जिल्लाहरु तथा २१५ वस्तीहरुलाई जोड्ने गरी रेखाङ्कन भएको यस राजमार्गले करिब ५० लाख जनताहरुलाई प्रत्यक्ष यातायात सुविधा पुर्यारउने देखिन्छ। यसबाट हुने सुविधाको कारण उक्त क्षेत्रको आर्थिक, सामाजिक विकासमा प्रगति हुने साथै सो क्षेत्रबाट हुने बसाई सराई निरुत्साहित भई भौगोलिक तथा वातावरणीय सन्तुलन कायम हुनेछ। यस राजमार्गको रेखाङ्कन भित्र पर्ने विभिन्न जिल्लाहरुमा नेपाल सरकारको १० वटा आधुनिक शहरहरु विकास गर्ने लक्ष्य समेत रहेको हुँदा सो क्षेत्रमा आर्थिक गतिविधिमा वृद्धि भई रोजगारीका थप अवसरहरु सृजना हुने र सर्वसाधारण जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ। यस राजमार्ग आसपास रहेका विभिन्न पर्यटकीय स्थलहरु समेत यातायात पूर्वाधारको आभावमा यथेष्ट प्रचार प्रसार एवं विकास हुन नसकेको परिप्रेक्षमा राजमार्गको निर्माण सँगै आन्तरिक तथा बाह्य पर्यटकहरुको आवागमनमा वृद्धि भई अर्थतन्त्र थप चलायमान हुनेछ। राजमार्ग निर्माण सम्पन्न भएपछि विद्यमान आर्थिक , सामाजिक सूचकहरुको उल्लेख्य रुपमा परिवर्तन हुने संकेत देखिएको हुँदा यो राजमार्ग एउटा रुपान्तकारी योजना हुन सक्ने अपेक्षाका साथ नेपाल सरकारले आ.व. २०६९/०७० देखि यो आयोजनालाई "राष्ट्रिय गौरवको आयोजना" घोषणा गरी उच्च प्राथमिकतामा राखेको छ। आयोजना सम्पन्न भई सम्पूर्ण सडक खण्डहरु कालोपत्रे स्तरमा पुगेपछि र प्रस्तावित सबै पुलहरुको निर्माण कार्य सम्पन्न भई सकेपिछ मध्यपहाडी क्षेत्र हुँदै पूर्व मेची देखि पश्चिम महाकालीसम्म नै निर्वाध रुपमा यातायात सञ्चालनमा आउने छ। तत् पश्चात यो सडक नेपालको सडक यातायात क्षेत्रमा मेरुदण्डको रुपमा स्थापित भई विकासका सबै सम्भावनाहरुको ढोका खोल्न कोसेढुङ्गा सावित हुने विश्वास लिईएको छ।

सडक सञ्जालको विकासलाई आत्मसात गर्दै, नेपालको मध्य पहाडी भूभागका जिल्लाहरुलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक , सामाजिक, सांस्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सनतुलित विकास गर्ने अभिप्रायले तराईका जिल्लाहरु समेटेर निर्माण गरिएको पूर्व पश्चिम राजमार्ग जस्तै पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्याङ (नेपाल भारत सिमाना) देखि पश्चममा बैतडी जिल्लाको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब १,८८४ कि.मि. लम्बाईको वैकल्पिक राजमार्ग निर्माण गर्ने उदेश्यका साथ नेपाल सरकारको आन्तरिक श्रोतबाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी आ.व. २०६४/०६५ देखि मध्य पहाडी राजमार्ग आयोजना सञ्चालनमा रहेको छ।

१. **कार्यालयको परिचय :**

पुष्पलाल(मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय अन्तर्गतमिति २०७५।०८।१९ देखि पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय , दैलेख, दैलेख जिल्लाको नारायण नगरपालिकामा आफ्नो कार्यालय स्थापना गरी लुम्विनी प्रदेशको रुकुम पूर्व देखि कर्णाली प्रदेशको रुकुम पश्चिम र दैलेख जिल्ला हुँदै सुदुरपश्चिम प्रदेशको अछाम जिल्लासम्मको करिब ३८५ किलोमिटर सडक सञ्जाल विस्तारको जिम्मा लिई सञ्चालनमा रहेको छ।यस सडकले रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछामका किसान, मजदुर, व्यापार व्यवसायी लगायत अन्य व्यक्तिहरुको आर्थिक तथा सामाजिक जीवनको उत्थानमा टेवा पुर्यारउने अपेक्षा लिइएको छ।

२. **योजनाको कार्यक्षेत्र**योजना कार्यालयको कार्यक्षेत्र देहाय बमोजिम छन्।

- लुम्बिनी प्रदेश :रुकुम पूर्व
- कर्णाली प्रदेश :जाजरकोट, दैलेख
- सुदुरपश्चिम प्रदेशः अछाम जिल्ला गरी गरी पाँच जिल्ला।

रुकुम पूर्व देखि अछामसम्म योजनाको जिम्मेवारीमा रहेको करीब ३८५ कि.मि. सडक आ.व. ०८३/८४ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

३. **योजना कार्यालयको काम, कर्तव्य र अधिकारः**

- यस योजना कार्यालयले रेखांकन गरेका जिल्लाहरुमा रुकुम पुर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख र अछाम जिल्ला रहेको छ (अनुसूची १ मा संलग्न नक्शा बमोजिम) भने योजनाको कार्यालय दैलेखमा रहेको छ।
- यस क्षेत्रको ट्र्याक खोल्ने काम सम्पूर्ण सम्पन्न भै सडक चौडा गर्ने , कालोपत्रे गर्ने, मर्मत गर्ने र पुल निर्माण गर्ने कार्य भैरहेको छ। निर्माण सम्पन्न भएका योजनाको मर्मत/ सम्भारको लागि क्रमशः सडक डिभिजनहरुमा हस्तान्तरण समेत हुदै आएको छ ।
- पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय , दैलेखको रुकुम पूर्व ,जाजरकोट र अ छामको विभिन्न क्षेत्रमा कार्य क्षेत्र रहेको तथा दैलेख र रुकुमपश्चिम सम्बन्धित डिभिजन कार्यलयलाई हस्तान्तगरण गरि सकिएको।
- यस योजना कार्यालयले आफ्नो सडकमा पर्ने घर टहरा हटाउने र हटाइएका घर टहराको उचित मूल्याङ्कन गरी मुआब्जा वितरण गर्ने कार्य गर्दछ।

४. <u>हाल योजना कार्यालयमा स्वीकृत दरबन्दी र पदपूर्तीको अवस्था</u>ः

| सि.नं. | पद | दरवन्दी संख्या | कर्मचारीको नाम | संकेत नं. | पूर्ती संख्या | रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | योजना प्रमुख | १ | ई. निरञ्जन थापा | २००५२४ | १ | ० | |
| २ | लेखा अधिकृत | १ | प्रकाश पौडेल | २०१२२५ | १ | ० | |
| ३ | ईन्जिनियर | ३ | ई.अमित कुमार मण्डल | १९०३५६ | २ | १ | |
| ४ | ईन्जिनियर | | ई. नविन खराल | २४५३४२ | | | |
| ५ | नायब सुब्बा | १ | हिक्मत बहादुर थापा | १९९६३० | १ | ० | |
| ६ | लेखापाल | १ | तिर्थ बहादुर कार्की | २१०७८५ | १ | ० | |
| ७ | सब-ईन्जिनियर | ६ | रविन कार्की | २०३८८४ | ५ | १ | |
| ८ | सब-ईन्जिनियर | | सुरेश ताम्राकार | २४८८३३ | | | |
| ९ | सब-ईन्जिनियर | | होमराज खड्का | २५१५८५ | | | |
| १० | सब-ईन्जिनियर | | प्रकाश बुढा | २५१५९६ | | | |
| ११ | सब-ईन्जिनियर | | कुमोद पाण्डे | २५५५१९ | | | |
| १२ | खरिदार | १ | दिपिका रोकाय | २१९९८९ | १ | ० | |
| १३ | कम्प्युटर अपरेटर | २ | केश बहादुर बराल | २२४५०१ | २ | ० | १जना स्थायी १ जना करार |
| १४ | कम्प्युटर अपरेटर | | बिशाल बि.सी. | करार | | | |
| १५ | अ.ल्याव टेक्निसियन | २ | प्रेम नारायण अधिकारी | करार | १ | १ | |
| १६ | हलुका सवारी चालक | २ | रेशम बहादुर शाही | करार | २ | ० | |
| १७ | हलुका सवारी चालक | | लालदेव मल्ल | करार | | | |
| १८ | कार्यालय सहयोगी | २ | लक्ष्मण राना | करार | २ | ० | |
| १९ | कार्यालय सहयोगी | | चन्द्रलाल चौधरी | करार | | | |

५. कार्यालयबाट प्रदान गरिने सेवा, शाखा, जिम्मेवार अधिकारी, दस्तुर, अवधि, निर्णय गर्ने अधिकारी र गुनासो सुन्ने अधिकारीः

| क्र.सं. | सेवाको विवरण | सेवा प्राप्त गर्न आवश्यक कागजात | सेवा प्राप्त गर्न लाग्ने | | सेवा प्रवाह गर्ने जिम्मेवार शाखा/कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | समय | शुल्क | | | |
| १ | मुआब्जा/क्षतिपूर्ति सम्बन्धी कार्य | ➢निवेदन, जग्गाधनी पुर्जा, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि रसम्बन्धित पालिका तथा वडा कार्यालयको सिफारिस | १ हप्ताभित्र | निःशुल्क | प्रशासन/प्राविधिक, आर्थिक प्रशासन शाखा | योजना प्रमुख | |
| २ | ठेक्का व्यवस्थापन सम्बन्धी कार्य | ➢सार्वजनिक खरिद ऐन तथानियमानुसार | नियमानुसार | नियममा तोकिए बमोजिम | प्राविधिक शाखा | योजना प्रमुख | |
| ३ | धरौटी फिर्ता/जमानत फुकुवा (कार्य सम्पादन बोलपत्र, अग्रिम भुक्तानी, जमानत) | ➢निवेदन<br>➢मु.अ. कर समायोजन पत्र<br>➢कार्य सम्पादन प्रमाण पत्र | सोही दिन | निःशुल्क | प्राविधिक/आर्थिक प्रशासन शाखा | योजना प्रमुख | |
| ४ | बिल भुक्तानी | ➢निवेदन<br>➢नापी किताब, बिल<br>➢कार्यसम्पादन प्रतिवेदन<br>➢बैंक खाताको विवरण | रितपूर्वक बिल प्राप्त भएको १५ दिन भित्र | निःशुल्क | प्राविधिक/आर्थिक प्रशासन शाखा | योजना प्रमुख | |
| ५ | सूचना प्राप्त गर्ने कार्यविधि | ➢सूचना प्राप्त गर्नुपर्ने कारण खुलेको निवेदन | तत्काल/निवेदन प्राप्त गरेको १५ दिनभित्र | निःशुल्क | सूचना अधिकारी | योजना प्रमुख | |
| ६ | सडक सिमाभित्र गर्नुपर्ने कार्यको स्वीकृति लिने सम्बन्धी कार्य | ➢कार्यको व्यहोरा खुलेको निवेदन<br>➢सम्बन्धित वडा कार्यालय, न.पा./गा.पा. रसम्बन्धित कार्यालयको सिफारिस | नियमानुसार | नियमानुसार खर्च धरौटी जम्मा पश्चात | प्रशासन/प्राविधिक शाखा | योजना प्रमुख | |
| ७ | सडक छेउमा इन्धन पम्प सन्चालन स्वीकृतिको कार्य | ➢ निवेदन<br>➢सम्बन्धित जग्गाको जग्गाधनी प्रमाणपुर्जा<br>➢सम्बन्धित जग्गाको ब्लुप्रिन्ट नक्सा<br>➢नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>➢दर्ता प्रमाणपत्र<br>➢राष्ट्रिय राजमार्ग छेउमा पेट्रोल, डिजेल तथा एल.पि.जि. ग्यास फिलिङ्ग स्टेशन स्थापना सम्बन्धी मापदण्ड, २०७८ | नियमानुसार | निशुल्क | प्राविधिक शाखा | योजना प्रमुख | |

सूचना अधिकारीः ९८५८०२९६११ योजना प्रमुखः९८५८०२९१११

## ६. सम्पादन गरेको कामको विवरणः

- योजना कार्यालयको मातहतमा रहेको राजमार्गको रुकुमपूर्व देखि अछाम सम्मको ट्र्याक् खोल्ने कार्य सम्पन्न भई राजमार्गकोकालोपत्रे गर्ने, नाला तथा पर्खालका काम सम्पन्न गर्नुका साथै विभिन्न ठाउँमा सडक स्तरउन्नती गर्ने काम भईरहेको।

| *जिल्ला* | *देखि* | *सम्म* | *कुललम्बाई, कि.मि.* | *ठेक्कालागेको लम्बाई, कि.मि.* | *सम्पन्नभएकोलम्बाई, कि.मि.* | *चालुठेक्का संख्या* |
|---|---|---|---|---|---|---|
| रुकुम (पुर्व) | पातीहाल्ने | खोपिचौर | ७८ | ७८ | ५९ | २ |
| रुकुम (पश्चिम) | खोपिचौर | चौरजहारी/कुदू | ४४ | ४४ | ४४ | - |
| जाजरकोट | कुदु | सुयाडा | ८७ | ८७ | ३२ | ४ |
| दैलेख | सुयडा | बेलखेत | ११६ | ११६ | ११५.७ | २ |
| अछाम | बेलखेत | बयलपाटा | ६० | ६० | ६० | - |



- DLP अवधि समाप्त भएका र डिभिजनमा हस्तान्तरण नभएका सडक खण्डमा सडकको नियमित मर्मतको कार्य गरेको।

| | *हस्तान्तरण भएको* | *यस आ.व. मा हस्तान्तरण हुने* | *हस्तान्तरण हुन बाकि* |
|---|---|---|---|
| *रुकुम (पुर्व)* | १६ | ३० | ३२ |
| *रुकुम (पश्चिम)* | ४४ | ० | ० |
| *जाजरकोट* | ० | ३१ | ५६ |
| *दैलेख* | ८२ | २४ | १० |
| *अछाम* | ० | ६० | ० |

- DLP अवधि समाप्त भएका सडक खण्डहरु डिभिजन कार्यालयमा हस्तान्तरण गरेको तथा केहि खण्ड हस्तान्तरणको क्रममा रहेको।

| | *हस्तान्तरण भएको* | *यस आ.व. मा हस्तान्तरण हुने* | *हस्तान्तरण हुन बाकि* |
|---|---|---|---|
| *रुकुम (पुर्व)* | *१६* | *३०* | *३२* |
| *रुकुम (पश्चिम)* | *४४* | *०* | *०* |
| *जाजरकोट* | *०* | *३१* | *५६* |
| *दैलेख* | *८२* | *२४* | *१०* |
| *अछाम* | *०* | *६०* | *०* |

- योजना कार्यालयको सडकमा पर्ने घर तथा टहराहरुको कानूनी प्रक्रिया पुर्या ई मुआब्जा वितरण गरेको।

७. <u>सूचना अधिकारीको नाम र पद</u>ः

नामः ई. नविन खराल

पदः ईन्जिनियर

सम्पर्क नं.ः ९८५८०२९६११

८. <u>कार्यालय प्रमुखको नाम र पद</u>ः

नामः ई. निरञ्जन थापा

पदः योजना प्रमुख

सम्पर्क नं.ः ९८५८०२९१११

९. <u>ऐन नियम, विनियम, निर्देशिकाहरुको सूचीहरु</u>ः

- सडक बोर्ड ऐन, २०५८

- जग्गा प्राप्ति ऐन, २०३४
- सार्वजनिक सडक ऐन, २०३१
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ र नियमावली, २०७७
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियामवली, २०५४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४
- निर्माण व्यवसायी ऐन, २०५५
- निर्माण व्यवसायी नियमावली, २०५६
- निजामती सेवा ऐन, २०४९
- निजामती सेवा नियमावली, २०५०
- अन्य प्रचलित ऐन, नियम, निर्देशिकाहरु, मापदण्ड

१०. **योजना कार्यालयबाट भएको आम्दानी तथा खर्च विवरणः**

**क. बजेट तथा खर्चको विवरणः**

| विवरण | वार्षिक बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | १,७७,०८,००० | ९७,२४,५१८.६६ | ५४.९१% | |
| पूँजीगत | ४८,४९,००,००० | २२,००,६४,०७१ | ४५% | |

**ख. अद्यावधिक राजस्वः**

| राजस्व शिर्षक | राजस्व आम्दानी | संचित कोष दाखिला | बाँकी नगद | कैफियत |
|---|---|---|---|---|
| १४३१२ | ११८३२४ | ११८३२४ | ० | |
| १५१११ | ३१३१३००० | ३१३१३००० | ० | |
| १४२२९ | २५७००० | २५७००० | | |
| जम्मा | ३१६८८३२४ | ३१६८८३२४ | ० | |

११. **कार्यालयको वेवसाईट** :

सडक विभागको वेवसाइट लिङ्कhttps://www.dor.gov.np/pmhpodरहेको छ। कार्यालयका सूचना, प्रगति विवरण, अन्य प्रकाशन तथा आवश्यक जानकारीहरु नियमित रुपमा वेभसाईट मार्फत सर्वसाधारण र सम्बन्धीतको जानकारीका लागि सार्वजनिक गर्ने गरिएको छ।

अनुसूची १: योजना कार्यालयको कार्यक्षेत्र

